# स्थानीय तह वित्तिय हस्तान्तरण कार्यक्रम

# स्थानीय तहबाट कार्यान्वयन हुने प्रदेश सरकारको सशर्त अनुदान कार्यक्रमको कार्यान्वयन कार्यविधि, २०८१

प्रदेश सरकारबाट आ.व. २०८१/०८२ का लागि स्थानीय तहबाट कार्यान्वयन हुने गरी स्वीकृत वार्षिक सशर्त अनुदान कार्यक्रमहरु देहाय बमोजिमको कार्यविधि अपनाई कार्यान्वयन गर्नुपर्नेछ ।

क) यस शिर्षकमा विनियोजित वजेट पर्यटन विकास र प्रवर्द्धन हुने कार्यहरु बाहेक अन्य कार्यक्रममा खर्च वा रकमान्तर गर्न पाईने छैन । तर तोकिएको कार्यक्रम तोकिएको स्थानमा सञ्चालन गर्न नसकिने अवस्था सिर्जना भएमा सम्बन्धित मन्त्रालयहरुको सहमति लिई कार्यक्रमको उद्देश्य फरक नपर्ने गरी कार्यक्रमको नाम, कार्यक्रम सञ्चालन स्थल परिबर्तन गर्न वा यस्तै अर्को पर्यटकीय क्षेत्र र कार्यक्रममा रकमान्तर गरी खर्च गर्न सकिनेछ ।

ख) यस अन्तर्गतका कार्यक्रमहरुका सञ्चालनका लागि विनियोजित वजेटबाट यस पूर्व पर्यटन विकास सम्बन्धी निर्मित संरचनाहरु अधुरो रहेको भएमा उक्त संरचना पूर्ण गर्ने कार्यमा पनि खर्च गर्न सकिनेछ ।

ख) पर्यटकीय पूर्वाधार निर्माण गर्नु पूर्व निर्माणका लागि प्रयोग गरिने जग्गाको सुनिश्चितता गर्नुपर्नेछ । निजी स्वामित्वको जग्गामा पूर्वाधार निर्माण गर्नु अगाडी जग्गाधनिको सहमती लिइ प्रयोग सम्बन्धि अवधि खुल्ने गरी स्थानीय तह र जग्गाधनी बिच सम्झौता गर्नुपर्नेछ । वनक्षेत्रको जग्गामा पूर्वाधार निर्माण गर्नुपर्ने भएमा सम्बन्धित मन्त्रालयको पूर्व सहमती लिनु पर्नेछ ।

ग) योजना तथा कार्यक्रम सञ्चालन तथा निर्माण गरिने स्थान नतोकिएको अवस्थामा सम्बन्धित स्थानिय तहले स्थानीय तहको क्षेत्र भित्र रहेका पर्यटकीय क्षेत्रको प्राथमिकिकरण गरी प्राथमिकताका आधारमा योजना स्थल यकिन गर्न सकिनेछ, तर कार्यक्रम सञ्चालन हुने वडा तोकि निर्माण स्थल नतोकिएको अवस्थामा वडा भित्रका पर्यटकीय क्षेत्रको स्थलगत अवलोकन गरी सम्बन्धित वडा तथा लाभग्राही समुदायसंग छलफल गरी पर्यटकीय क्षेत्रको प्राथमिकिकरण गरी प्राथमिकताका आधारमा निर्माण स्थल यकिन गर्न सकिनेछ ।

घ) योजना, कार्यक्रम सञ्चालन वा निर्माण स्थल यकिन भइ सकेपछी सोको लागत इस्टिमेट, ड्रइङ, डिजाइन सम्बन्धित स्थानीय तहको प्राविधिकहरुले गर्नुपर्नेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

ङ) योजनाको लागत इस्टिमेट तयार गर्दा स्वीकृत वजेटको सिमा भित्र रही सकभर विनियोजित वजेटबाट यसै आ.व. भित्र योजना पूर्ण हुने किसीमले गर्नुपर्नेछ । तोकिएको वा छनौट भएको कुनै योजना निर्माण सम्पन्न गर्न स्थानीय तह वा अन्य निकायबाट आर्थिक सहकार्य हुने सुनिश्चित भएमा साझेदार निकायको लागत साझेदारीको हिस्सा परिमाण स्पष्ट रुपमा लागत इस्टिमेटमा उल्लेख गर्नुपर्नेछ ।

च) योजना कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, सार्वजनिक खरिद नियमावली, २०६४ र कार्यक्रमसंग सम्बन्धित प्रचलित कानूनहरुको पालना गर्नुपर्नेछ ।

छ) यस बाहेकका बिषयहरुमा यसै कार्यविधिको दफा -३ मा व्यवस्था भए बमोजिम गर्नुपर्नेछ । यस कार्यविधिमा उल्लेख नभएका बिषयहरुमा प्रचलित कानून बमोजिम योजना, कार्यक्रमहरु कार्यान्वयन तथा सञ्चालन गर्नुपर्नेछ ।

## १२. पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माणसँग सम्बन्धित कार्यक्रमहरू

पर्यटन पूर्वाधार विकास तथा अन्य सार्वजनिक निर्माण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) वार्षिक कार्यक्रममा नाम, स्थान र निर्माण गर्नुपर्ने योजना खुलाईएको भए सोही बमोजिम कार्यान्वयन गर्ने,

ख) नाम उल्लेख नभएका पूर्वाधार निर्माणको हकमा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण क्षेत्रको प्राथमिकिकरण र अत्याबश्यक संरचना यकिन गरी प्राथमिकता क्रम अनुसार योजना सञ्चालन तथा कार्यान्वयन गर्ने,

ग) यस कार्यक्रम अन्तर्गत अतिथी आवास गृह, बिश्राम गृह, सामुदायीक भवन, सार्वजनिक चौतारो, भलमन्सा भवन समेतका संरचनाहरु निर्माण सम्पन्न गर्न सकिनेछ ।

घ) पूर्वाधारहरुको निर्माण गर्दा उपलब्ध भए सम्म स्थानीय कच्चा पदार्थ वा सामग्री (ढुङ्गा, गिट्टी, बालुवा, माटो, काठ आदि) र स्थानीय मजदुरहरुको प्रयोग गर्नुपर्नेछ ।

## १३. पर्यटकीय पदमार्ग, पैदल मार्ग र गोरेटो बाटो निर्माण

यस कार्यक्रमको उद्देश्य पर्यटकीय क्षेत्रमा जाने पर्यटकहरुको आवागमनलाई सहज र सुरक्षित गर्नका लागि सुबिधाजनक पदमार्ग, पैदल मार्ग, गोरेटो बाटो वा सडक निर्माण गर्नु रहेकोछ । यस अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रमका लागि विनियोजित वजेटबाट देहाय बमोजिम निर्माण सम्पन्न गर्नुपर्नेछ ।

क) निर्माण कार्य गर्दा सकभर स्थानीय स्तरमा प्राप्त हुने ढुङ्गा, ग्राभेल, बालुवा, माटो वा यस्तै निर्माण सामग्री र स्थानीय मजदुरको प्रयोग गर्नुपर्नेछ ।

ख) पर्यटन पदमार्ग कम्तिमा पनि २ मिटर चौडाईको बनाउनु पर्नेछ ।

ग) पदमार्गको अप्ठ्यारो स्थानमा रेलिङ्ग वा ढुङ्गाको पर्खाल निर्माण गर्नुपर्नेछ ।

घ) तराई क्षेत्रको हकमा बाटो वा सडक निर्माण गर्दा ग्राभेल वा सिमेन्ट टायलको प्रयोग गर्न सकिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## १४. पर्यटकीय पार्क निर्माण तथा स्तरोन्नती

यस कार्यक्रमको उद्देश्य पर्यटकीय क्षेत्र र पर्यटकीय क्षेत्र जाने बाटो, शहरी क्षेत्रको खालि वा सार्वजनिक स्थानमा पर्यटकीय पार्क निर्माण वा स्तरोन्नती र व्यवस्थापन गर्नु रहेकोछ । यसबाट मनोरञ्जन स्थलको विकास हुनुका साथै हरित वातावरणको सिर्जना हुनेछ । यस कार्यक्रम अन्तर्गत पुष्प बाटीका, हरित पार्क, स्मारक पार्क, नक्षत्र पार्क निर्माण, पार्कको घेर पर्खाल निर्माण र आबश्यक भएमा पार्क भित्र सालिक वा मूर्ति पनि निर्माण गर्न सकिनेछ । यसका साथै कार्यक्रममा सालिक वा मुर्ति निर्माण गर्ने भनि उल्लेख भएको भए सम्बन्धित लाभग्राही समुदाय, सरोकारवाला संस्थाहरुसंग छलफल गरी तोकिएको स्थानमा तोकिए बमोजिम सालिक वा मुर्ति निर्माण गरी स्थापना गर्न पनि यस शिर्षकको वजेट खर्च गर्न सकिनेछ।

क) यस प्रकारका पार्कहरु सकभर सार्वजनिक स्थान, पर्यटकीय क्षेत्र र शहरी क्षेत्र नजिक निर्माण गर्नुपर्नेछ, तर वनक्षेत्रमा नयाँ पार्क निर्माण नगरी साविकको पार्कको स्तरोन्नती, संरक्षण वा व्यवस्थापनका कार्यहरु मात्र गर्नुपर्नेछ ।

ख) पार्क भित्र स्थानीय वातावरणमा हुर्किने खाले सौन्दर्यमूलक प्रजातीका विरुवा र फूलका विरुवाहरु रोपण गरी सोको संरक्षणको व्यवस्था गर्नुपर्नेछ ।

## १५. धार्मिक पूर्वाधार निर्माण, मर्मत, स्तरोन्नती, संरक्षण तथा जिर्णोद्धार

यस कार्यक्रमको उद्देश्य धार्मिक क्षेत्रमा आवश्यक पूर्वाधार निर्माण, मर्मत तथा जिर्णोद्धार गरी धार्मिक पर्यटकीय क्षेत्रको विकास एवं संरक्षण गर्नु रहेकोछ । यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु समेत गर्न सकिनेछ ।

क) विगतमा निर्माण गरी अधुरो रहेका धार्मिक वा धार्मिक क्षेत्र संरक्षण सम्बन्धित संरचनाहरु पूर्ण गर्ने,

ख) धार्मिक क्षेत्रहरुमा आवश्यकता र स्थानीय लाभग्राही समुदायको चाहाना अनुसार मन्दिर, गुम्बा, मस्जिद, चर्च, भण्डारघर, धर्मशाला, पाटी पौवा, यज्ञशाला आदि निर्माण, स्तरोन्नती, मर्मत, जिर्णोद्धार र संरक्षणका कार्यहरु गर्ने,

ग) निर्मित संरचनाहरुको रङरोगन गर्ने ।

घ) धार्मिक संरचनाहरुको मर्मत र जिर्णोद्धार गर्दा मौलिकता र संरचना निर्माणका बखत कायम रहेको कला, सँस्कृति र शैलि कायम रहने गरी गर्नुपर्नेछ ।

ङ) संरचनाहरु निर्माण गर्दा उपलब्ध स्थानीय सामग्री र सिल्पकार, मजदुरहरुको प्रयोग गर्नुपर्नेछ, तर स्थानीय स्तरमा दक्ष सिल्पकार उपलब्ध नभएमा बाहीरबाट ल्याइ प्रयोग गर्न सकिनेछ ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## १६. ऐतिहाँसिक तथा पुरातात्विक संरचना मर्मत, संरक्षण तथा जिर्णोद्धार

यस कार्यक्रमको उद्देश्य ऐतिहाँसिक तथा पुरातात्विक क्षेत्र, बस्तु र संरचनाहरुको संरक्षण र व्यवस्थापन गर्नु रहेकोछ । यस अन्तर्गत ऐतिहाँसिक तथा पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण गढी, किल्ला, कोट-दरवार आदिको मर्मत र जिर्णोद्धार तथा संरक्षणका कार्यहरु गरिनेछ । यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछ ।

क) विगतको अधुरो रहेको कार्यहरु पुरा गर्ने,
ख) ऐतिहाँसिक तथा पुरातात्विक बस्तु र क्षेत्रहरुको संरक्षणका लागि घेर पर्खाल लगाउने,
ग) ऐतिहाँसिक तथा पुरातात्विक दृष्टिकोणले महत्वपूर्ण बस्तुहरु सुरक्षित राख्न आवश्यक पर्ने भवन निर्माण गर्ने,
घ) निर्मित संरचनाहरुको रङरोगन गर्ने, ऐतिहाँसिक तथा पुरातात्विक क्षेत्रको सरसफाई कार्यहरु गर्ने,
ङ) ऐतिहाँसिक तथा पुरातात्विक संरचनाहरुको मर्मत र जिर्णोद्धार गर्दा मौलिक र संरचना निर्माणका बखत कायम रहेको कला, सँस्कृति र शैलि कायम रहने गरी गर्नुपर्नेछ ।
च) संरचनाहरु निर्माण गर्दा उपलब्ध स्थानीय सामग्री र सिल्पकार, मजदुरहरुको प्रयोग गर्नुपर्नेछ, तर स्थानीय स्तरमा दक्ष सिल्पकार उपलब्ध नभएमा बाहीरबाट ल्याई प्रयोग गर्न सकिनेछ ।

## १७. प्राकृतिक पानी मुल/मुहान, झरना र ताल संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य प्राकृतिक रुपमा रहेका झरना, तातोपानीको मुल/मुहान, प्राकृतिक ताल तलैयाहरुको प्राकृतिक अवस्था र आकर्षण कायम राख्नुका साथै तिनीहरुको संरक्षण तथा थप आकर्षण सिर्जना गरी महत्वपूर्ण र आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु रहेकोछ । यस कार्यक्रम अन्तर्गत प्राकृतिक झरना, पानी मुल र ताल तलैया रहेको क्षेत्रहरूको प्रचार प्रसार र पर्यटकहरू सहज रुपमा पुग्न र आनन्द लिन सक्ने वातावरण सिर्जना गर्न आबश्यकता अनुसार भौतिक संरचनाहरु निर्माण गर्नुका साथै यी क्षेत्रहरुको संरक्षण र व्यवस्थापनका कार्यहरू गरिनेछ । यस अन्तर्गतका योजनाहरु सञ्चालन गर्दा देहाय बमोजिम गर्नुपर्नेछ ।

क) भौतिक संरचनाहरु निर्माण गर्दा तोकिएका प्राकृतिक क्षेत्र संरक्षण सम्बन्धी तथा पर्यटकीय संरचनाहरु मात्र निर्माण गर्नुपर्नेछ ।
ख) भौतिक संरचनाहरु निर्माण गर्दा उपलब्ध स्थानीय सामग्री र मजदुरहरुको प्रयोग गर्नुपर्नेछ ।
ग) तालहरुमा पर्यापर्यटन प्रवर्द्धनका लागि डुङ्गा वा नाव निर्माण तथा खरिद गरी सञ्चालन गर्न सकिनेछ ।
घ) प्राकृतिक पर्यटकीय क्षेत्रको आसपास पिकनिक स्पट निर्माण, बस्नका लागि बेन्च निर्माण, बिश्राम स्थल, चौताराहरु, रेलिङ निर्माण, आन्तरिक पदमार्ग निर्माण गर्न सकिनेछ ।

यस कार्यक्रम अन्तर्गतका योजनाहरु सञ्चालन तथा कार्यान्वयन गर्दा उक्त क्षेत्रको प्राकृतिक अबस्थामा परिवर्तन आउने कार्यहरु गर्न पाइने छैन ।



प्रमोद भट्टराई
प्रदेश सचिव

## १८. साहसीक पर्यटकीय कार्यक्रम सञ्चालन

यस कार्यक्रमको उद्देश्य साहसीक पर्यटकीय क्रियाकलापहरु सञ्चालनको माध्यमबाट पर्या पर्यटनको विकास गर्नु रहेकोछ । यस अन्तर्गत जिप लाईन, स्काई साइकिलिङ, बम्बीजम्प, रक क्लाइम्बिङ्ग, ऱ्याफ्टिङ्ग आदि साहसीक पर्यटन सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्नु पूर्व सञालकले सम्बन्धित निकायबाट ईजाजत लिनु पर्नेछ । सामुदायीक वनक्षेत्रमा साहसीक पर्यटन सम्बन्धी कार्यक्रमहरु सञ्चालनका लागि "सामुदायीक वनमा पर्या पर्यटन प्रवर्द्धन कार्यविधि, २०७५" ले तोकेका कार्यविधि पुरा गर्नुका साथै सो सम्बन्धी प्रचलित कानूनले तोकेको प्रक्रिया पुरा गर्नुपर्नेछ ।

## १९. संग्रहालय सञ्चालन तथा व्यवस्थापन

यस कार्यक्रमको उद्देश्य स्थानीय समुदायको परम्परा तथा सँस्कृति झल्काउने बस्तु र कलाको एकिकृत संग्रह संरक्षण एवं प्रदर्शनी गर्नु रहेकोछ । यसबाट स्थानीय समुदायको सँस्कृतीसंग सम्बन्धित कला, बस्तु र शैलिको संग्रह तथा प्रदर्शनि मार्फत पर्यटन प्रवर्द्धन गर्नुका साथै अध्ययन र अनुसंधानका लागि उपर्युक्त वातावरण सिर्जना हुनेछ । यस कार्यक्रम अन्तर्गत निम्न कार्यहरु गर्न सकिनेछ ।

क) यस अघि शुरुवात गरीएको संग्रहालय निर्माण तथा सञ्चालन सम्बन्धी अधुरो कार्य पुरा गर्ने,
ख) नयाँ संग्रहालय भवन निर्माण गर्ने,
ग) परम्परागत तथा साँस्कृतिक बस्तु तथा कलाको संग्रह गरी राख्ने ।

## २०. होमस्टे सञ्चालन

स्थानीय समुदायको परम्परा र संस्कृतिमा आधारित रही स्थानीय स्तरमा रोजगारी सिर्जना र आयआर्जन वृद्धिका लागि होमस्टे सञ्चालन तथा व्यवस्थापनका माध्यमबाट पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले यस कार्यक्रमका लागि बजेट विनियोजन गरीएको छ। यस शीर्षक अन्तर्गत होमस्टे सञ्चालन कार्यक्रम कार्यान्वयन गर्नका लागि प्रचलित कानून बमोजिम दर्ता, अध्यावधिक तथा नवीकरण भएको निजी वा सामुदायिक होमस्टे हुनु पर्नेछ । यस अन्तर्गतका कार्यक्रम कार्यान्वयन गर्नु पूर्व सम्बन्धित स्थानीय तहबाट सम्बन्धित होमस्टेहरुको स्थलगत अवलोकन तथा अनुगमन गरी होमस्टेमा सञ्चालन गर्नुपर्ने कृयाकलापहरुको पहिचान तथा प्राथमिकीकरण गर्नुपर्नेछ । प्राथमिकीकरण गरीएका कार्यक्रमहरु स्थानीय तहले सम्वन्धित होमस्टेसँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्नेछ । यस कार्यक्रम शीर्षकमा विनियोजित बजेटबाट कार्यक्रम सञ्चालनका लागि छनौट भएका होमस्टेमा निम्न कृयाकलापहरू सञ्चालन गर्न सकिनेछ ।

(क) होमस्टे सञ्चालन तथा व्यवस्थापन, परम्परागत कला, संस्कृति सम्बन्धी क्षमता अभिवृद्धि तालिम,
(ख) स्थानीय समुदायको परम्परागत पहिरन, वाद्य वादन यन्त्र, श्रृङ्गारका सामग्रीहरू आदि निर्माण तथा खरिद,



प्रमोद भट्टराई
प्रदेश सचिव

(ग) आन्तरिक कोठा सजावटका सामग्री र बाह्य सजावटका सामग्री निर्माण तथा खरिद,

(घ) स्थानीय सामग्रीबाट निर्मित फर्निचर, बेडिङ निर्माण तथा खरिद,

(ङ) समुदायको परम्परागत कला, संस्कृति झल्किने कलात्मक वस्तुहरूको निर्माण तथा खरिद,

(च) पर्यटकीय स्थल, संस्कृति, पेशा, क्रियाकलापहरू आदि झल्किने फोटो फ्रेम निर्माण तथा खरिद,

(छ) होमस्टे घरहरूको बाहिर तथा भित्रि भित्ताहरूमा कलात्मक चित्र निर्माण,

(ज) शौचालय, भान्सा कोठा, बैठक कोठा निर्माण,

(झ) होमस्टे सम्बन्धी होर्डिङ बोर्ड लगायतको प्रचार प्रसार सामाग्री तयारी तथा स्थापना।

## २१. तालिम, प्रशिक्षण कार्यक्रमहरु

यस कार्यक्रमको उद्देश्य स्थानीय युवा, साँस्कृतिक समूहहरुको क्षमता अभिबृद्धि र सीप विकास गर्नुका साथै स्थानीय कला र सँस्कृतिको विकास र संरक्षण गरी स्वरोजगार हुन सक्ने किसीमको जनशक्तिको निर्माण गर्नु रहेकोछ ।

यस कार्यक्रम शीर्षक अन्तर्गत तालिम, प्रशिक्षण कार्यक्रम सञ्चालनका लागि सहभागी छनौट गर्दा स्थानीय तहको भौगोलिक क्षेत्र, लिङ्ग र पेशागत समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नुका साथै वेरोजगारी समस्या समाधान हुने तर्फ बिशेष ख्याल गर्नुपर्नेछ । स्थान छनौट गर्दा सहभागीहरूको लागि पायक पर्ने र अवलोकन गर्दा सिकाइ हुने स्थान चयन गर्नुपर्नेछ । यस अन्तर्गतका कार्यक्रमहरू स्थानीय तहका कर्मचारीहरुबाट कार्यान्वयन गर्न सकिनेछ । आबश्यक भएमा सो सम्बन्धी कार्य गर्ने सरकारी वा गैर सरकारी संस्थासँग सम्झौता गरी कार्य सञ्चालन तथा सम्पन्न गर्न सकिनेछ । यो कार्यक्रम सञ्चालन गर्न प्रचलित तालिम नर्मस् पालना गर्नुपर्नेछ । तालिम वा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित बिषय विज्ञहरुको सहयोग लिनु पर्नेछ ।

## २२. प्रचलित कानून बमोजिम हुने

यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

## २३. बाधा अड्काउ फुकाउन सक्ने

यस कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अड्काउ आएमा यस कार्यविधि विपरित नहुने गरी मन्त्रालयले बाधा अड्काउ फुकाउन सक्नेछ ।

***



प्रमोद भट्टराई
प्रदेश सचिव

# अनुसूची -१

सुदूरपश्चिम प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

...............................

## योजना वा निर्माण स्थल अवलोकन तथा छनौट सम्बन्धी प्रतिवेदन

१. योजनाको नाम :

२. ठेगाना :

३. योजना सञ्चालन/निर्माण गरिने स्थान (GPS Point) :

४. स्थलगत अवस्था :

क). जग्गाको स्वामित्व : नेपाल सरकार/स्थानीय सरकार/सम्वन्धित संस्था/निजी......./

ख). व्यवस्थापकीय जिम्मेवारी रहेको संस्थाको नाम :

ग). योजना सञ्चालन गर्ने निकाय :

घ). योजना सम्पन्न पश्चात व्यवस्थापकीय जिम्मेवारी रहेको संस्था :

ङ). लाभग्राही समुदाय :

५. सञ्चालन गर्नुपर्ने कृयाकलाप/कार्यहरु (वजेट र कार्यक्रम अनुसार प्राथमिकरण गर्ने)

| क्र.सं. | सञ्चालन गरिने कृयाकलापको नाम | सञ्चालन गरिने स्थान |
|---|---|---|
| १. | | |
| २. | | |
| ३. | | |
| ४. | | |
| ५. | | |
| ६. | | |

६. सुझावः

१. ..............................

२. ..............................

३. ..............................

४. ..............................

७. योजनास्थल अवलोकनमा सहभागीहरुको नाम र ठेगाना, संस्थागत भए संस्थाको नाम र हस्ताक्षर :

| क्र.सं. | सहभागीको नाम, थर | ठेगाना/संस्था भए सोको नाम, ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |



प्रमोद भट्टराई
प्रदेश सचिव

४.

५.

६.

८ .निर्णयहरु:

# अनुसूची -२

सुदूरपश्चिम प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय
..............................

## पर्यटन पूर्वाधार हस्तान्तरण फाराम

१. आयोजनाको नाम तथा निर्माण स्थलको ठेगाना :

२. सम्पन्न गरीएका मुख्य कार्यहरू :

क).

ख).

ग).

घ).

३. आयोजनाको लागत विवरण :

क). प्रदेश सरकारबाट विनियोजित रकम रु. :

ख). स्थानीय जनश्रमदानबाट रु. :

ग). साझेदार निकाय (..................................) बाट विनियोजित रकम रु. :

जम्मा लागत रु. :

४. आयोजनाबाट लाभान्वित हुने :

क). घर परिवार संख्या : ख). जनसंख्या : ग). अन्य (वर्ग वा समुदाय) :

५. उपभोक्ता समितिका पदाधिकारी :

| | |
|---|---|
| | |

६. आयोजना फरफारक भएको मिति :

७. आयोजना मर्मत सम्भार गर्न आवश्यक श्रोत स्पष्ट गर्ने :

८. हस्तान्तरण सम्बन्धी शर्तहरू :

क). सम्पन्न .......................... आयोजनाको स्थानीय श्रमदानबाट हुने मर्मत सम्भार नियमित रुपले गर्नुपर्नेछ ।

ख). आयोजनाबाट लाभान्वित व्यक्तिहरूबाट ........................ समितिले तोके बमोजिम दस्तुर उठाउन सक्नेछ तर प्रचलित कानूनले निषेध गरेको कर आदि लिन पाइने छैन ।

ग). आयोजनाबाट प्रत्यक्ष लाभान्वित व्यक्तिहरुबाट उपभोक्ता समितिले उठाएको रकम मर्मत सम्भारमा लगानी गर्नुपर्नेछ ।

घ). अन्य

**............ समिति/................................को तर्फबाट :**

नाम :

पद :

दस्तखतः

मिति :

<u>रोहवर</u>:

१).

**सम्बन्धित कार्यलयको तर्फबाट :**

प्रमुखको नाम :

दस्तखत :

मिति :

<u>रोहवर</u>:

१).



प्रमोद भट्टराई
प्रदेश सचिव